
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

❑ वर्ष २३ ❑ अङ्क २२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ ९ गते बिहीबार ❑ 25 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५


## निलम्बित प्रधानन्यायाधीश जबरासँग १५ गते सोधपुछ गर्ने

रासस
काठमाडौं, ८ भदौं

महाअभियोग सिफारिस समितिले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरालाई सोधपुछ बयानका लागि यही भदौ १५ गते बोलाउने निर्णय गरेको छ।

सिंहदरबारमा बुधबार बसेको समितिको बैठकले महाअभियोग लागेर निलम्बनमा पर्नुभएका जबरालाई सोधपुछ बयान लिनका लागि यही भदौ १५ गतेको बैठकमा बोलाउने निर्णय गरेको हो।

समितिले निलम्बित प्रधानन्यायाधीश जबरालाई लगाइएको महाअभियोगका सम्बन्धमा थप उजुरी, सूचना वा जानकारी दिन सार्वजनिक सूचना गर्ने र राष्ट्रियस्तरका कानूनी र न्यायिक क्षेत्रका सङ्घसंस्थालाई पत्राचार गर्ने निर्णयसमेत गरेको छ।

समितिले आन्तरिक कार्यविधि र कार्यतालिकासमेत पारित गरेको छ। समितिले महाअभियोगका सम्बन्धमा थप उजुरी, सूचना वा जानकारी दिनका लागि यही भदौ १२ गतेसम्म तीन दिनको समय दिने, १५ गते निलम्बित प्रधानन्यायाधीशसँग सोधपुछ बयान लिने र १९ गतेभित्र प्रतिवेदन तयार गर्नेगरी कार्यतालिका पारित गरेको छ।

समितिमा जतिसक्दो चाँडो प्रतिवेदन बुझाउने सहमति भएको समितिका ज्येष्ठ सदस्य रामबहादुर विष्टले जानकारी दिनुभयो। समिति गठन भएपछि बुधबार तेस्रो बैठक बसेको हो।

## भूमिहीन दलित र सुकुम्बासीलाई निस्सा दिन सुरुआत

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौं

पोखरा महानगरपालिकामा उन्नाइस हजार छ सय ३४ जना भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीले जमिन प्राप्तिका लागि आवेदन दिएका छन्।

यसरी आवेदन दिएकालाई आयोगको जिल्ला कार्यालयले जग्गाधनी पूर्जा प्राप्तिको पहिलो चरणमा दिइने निस्सा वितरण सुरुआत गरेको छ। आयोगले पोखराका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले दिएको निवेदनका आधारमा आवश्यक प्रक्रियापछि मङ्गलबारदेखि पोखरा-२५ बाट सुरुआत गरिएको हो। सो वडामा दुई सय ४२ दलित र सुकुम्बासीलाई निस्सा प्रदान गरिएको छ। भूमिहीनहरूको समस्या समाधानका लागि सरकारद्धारा गठित राष्ट्रिय भूमिआयोगका अनुसार पोखरा महानगरपालिकामा भूमिहीनको लगत सङ्कलनको सकिएर निस्सा वितरण सुरु गरेको आयोगका जिल्ला अध्यक्ष गङ्गाप्रसाद पोखरेलले बताउनुभयो। उहाँका अनुसार जिल्लाका अन्य पालिकामा भने राष्ट्रिय भूमि आयोगसँग सम्झौतापछि लगत सङ्कलनका लागि आवेदन दर्ताको काम भइरहेको छ। भूमि आयोगका अनुसार महानगरपालिकामा भूमिहीन दलित तीन हजार पाँच सय ५३, भूमिहीन सुकुम्बासी चार हजार एक सय ८३ र अव्यवस्थित बसोबासी ११ हजार आठ सय ९८ परिवारको निवेदन दर्ता भएको छ। महानगरले भूमि आयोग केन्द्रसँग समझदारीमा हस्ताक्षरपछि ३५ दिने सूचना निकालेको थियो। पछिल्लो सूचनाअनुसार तीन हजार भूमिहीन र अव्यवस्थित बसोबासीको लगत सङ्कलन भएको थियो। आयोगका अध्यक्ष पोखरेलले भूमि आयोगसँग सम्झौतापछि अहिले माछापुच्छ्रे, मादी र रुपा गाउँपालिकामा भूमिहीनको लगत सङ्कलनको काम आगामी असोज ४ गतेसम्म सञ्चालन हुनेछ। उहाँले भन्नुभयो, "आयोगको जिल्ला कार्यालयले पछि सम्झौता भएका पालिकामा भूमिहीन र अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरिरहेको छ, यसअघिका पुराना अधुरोअन्तर्गतका लागि सरजिमन मुचुल्क, फिल्डबुक र सेता पूर्जाका आधारमा जग्गाधनी पूर्जा दिने तयारी भइरहको छ।"

पुराना अधुरो अपूराअन्तर्गत अन्नपूर्ण गाउँपालिकाको वडा नं १ र २ वडा तथा पोखराका वडा नं १४, १७, १९, २७ ,२८ र ३१ मा सरजिमन मुचुल्का गर्ने काम सकिएको छ। अधुरोअन्तर्गतका दुई सय घरधूरीलाई यही भदौ १३ गते रातो पूर्जा दिने तयारी छ। "पूर्जा र फिल्डबुकमा नाम भएकालाई लालपुर्जा दिने प्रक्रियामा छौं, केहीदिनमै लालपुर्जा प्रदान गर्छौं", पोखरेलले भन्नुभयो। भूमिहीन सुकुम्बासी र दलितले जग्गाको तिरो तिरे पुग्छ भने अव्यवस्थित बसोबासीले मूल्य निर्धारण समितिले गरेको मूल्याङ्कनअनुसार सय प्रतिशत राजस्व सरकारलाई बुझाउनुपर्ने आयोगका सदस्य सचिव एवं जिल्ला नापी कार्यालयका प्रमुख दिनेश काफ्लेले बताउनुभयो।

कम्तीमा १० वर्षसम्म भोगचलन गरेका अव्यवस्थित बसोबासीलाई आवास प्रयोजनका लागि राजस्व लिएर जमिनको लालपूर्जा दिइने उहाँले जानकारी दिनुभयो।

## विकास, समृद्धि र व्यवस्था रक्षाका लागि सङ्घर्षरत छु : अध्यक्ष दाहाल

रासस
काठमाडौं, ८ भदौं

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विकास, समृद्धि र व्यवस्था रक्षाका लागि आफू सङ्घर्षरत रहेको बताउनुभएको छ।

आफ्नो निर्वाचन क्षेत्र माडीमा विभिन्न आयोजनाको शिलान्यास, उद्घाटन, अनुगमन र भेटघाटका क्रममा उहाँले राजनीतिक स्थायित्वका लागि आफ्नो सङ्घर्ष कायम रहेको बताउनुभयो। कम्युनिष्ट पार्टी एकता र विघटनका कारण निर्वाचन क्षेत्रमा सोचे जति काम हुन नसकेको भन्दै उहाँले पछिल्लो समय विकासका काम तीव्र गतिमा अघि बढेको बताउनुभयो। उहाँले भन्नुभयो, "विगतका वर्षहरूमा कोरोना महामारी र यसअघिको सरकारको अवरोधका कारण विकासले गति लिन सकेन।" माडीको विकासमा निकुञ्ज ऐन बाधक रहेको भन्दै उहाँले त्यसलाई समयसापेक्ष बनाउने गरी प्रक्रिया अगाडि बढेको बताउनुभयो।

माडीको विकास र समृद्धि बिना आफूले लिएको लक्ष्य पूरा हुन नसक्ने जनाउँदै उहाँले चितवनलाई देशकै विकासको मोडेल बनाएर लागू गर्ने सङ्कल्प आफ्नो रहेको बताउनुभयो। बाँदरझुला र माडीका भूमिहीन सुकुम्बासीको जग्गा नाप्ने काम तीन दिनभित्र सुरु हुने उहाँको भनाइ छ। नापजाँच सकिएसँगै जग्गाधनी पुर्जा वितरण गरिने उहाँले बताउनुभयो। शिक्षा, स्वास्थ्य, कृषि र विद्युतीकरणको क्षेत्रमा माडीमा ठूलो क्रान्ति भएको जनाउँदै उहाँले माडीको विकास बिना चितवनको समृद्धिको सपना साकार नहुने बताउनुभयो। उहाँले माडी नगरपालिका वडा नं ५ र ६ जोड्ने रतनी खोला पुलको उद्घाटन, १२ किलोमिटर लामो बरुवा बजार-भैरवपुर-पर्साचोक-बैदार सिम्रेनी-गङ्गटे सडक शिलान्यास, टम्टा खोला तटबन्धको शिलान्यास गर्नुभयो।

कार्यक्रममा वन तथा वातावरणमन्त्री प्रदीप यादवले माडीका जनताको समस्या विकाराल रहेको भन्दै समाधान गर्न हरदम प्रयत्न गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "निकुञ्ज हाम्रो गहना हो, यसको संरक्षणसँगै वरपरका नागरिकको समस्या हल गर्दै अगाडि बढ्नुको विकल्प छैन।" मन्त्री यादवले भरतपुर-माडी-ठोरी हुलाकी सडकमा ठाउँठाउँमा समस्या रहेको भन्दै निकास खोज्ने बताउनुभयो।

भौतिक योजना तथा यातायातमन्त्री मोहम्मद इस्तियाक राईले माडी क्षेत्रको विकासका लागि बजेट प्राथमिकतामा राखिएको बताउनुभयो। माडीका नगर प्रमुख ताराकुमारी काजी महतोले माडीमा बितेका पाँच वर्षमा विकासले तीव्रता पाएको बताउनुभयो।

## टेलिकमद्धारा वालिङमा 'फाइबर टु द होम' सेवा थालनी

पोखरापत्र संवाददाता
वालिङ, ८ भदौं

नेपाल टेलिकमले तामाको तारबाट चल्ने ल्याण्डलाइन टेलिफोनलाई 'एफटिटिएच' (फाइबर टु द होम) सेवा सुरु गरेको छ।

नेपाल टेलिकम वालिङ शाखाले गत साउन २० गतेदेखि 'एफटिटिएच' सेवा सुरु गरेको हो। नगरपालिकाभित्र ग्राहकलाई वितरण भएका पहिलाका तामाका तारहरूलाई विस्थापित गरी एउटै फाइबरबाट फोन, नेट र टिभी चलाउन सकिने सुविधासहितको सेवा सुरु गरिएको शाखाका प्रमुख नारायण कपालीले बताउनुभयो। "तामाका तारमार्फत पहिलै वितरण गरिएका टेलिफोनलाई पहिलो चरणमा 'एफटिटिएच' प्रविधिमा परिवर्तन गरेका छौं", उहाँले भन्नुभयो, "जडानमा रहेका पुराना टेलिफोनलाई उक्त प्रविधिमा रुपान्तरण सकेपछिमात्रै दोस्रो चरणमा नयाँ लाईनहरू जडान गर्नेछौं।" भदौको दोस्रो साताभित्रमा पुराना लाइनलाई नयाँ सेवामा परिवर्तन गरेर सकिने र दसैंअगावै नयाँ लाइन पनि जडान गर्ने गरी तीव्ररुपमा काम अगाडि बढेको उहाँले जानकारी दिनुभयो।

तामाको तारमार्फत वितरण गरिएको टेलिफोनबाट सञ्चालन भएको 'एडिएसएल' सेवा तीव्र गतिको नभएकै कारण सेवाग्राहीले सेवा लिन छाडेसँगै टेलिकमले नयाँ प्रविधिसहितको 'एफटिटिएच' सेवा भित्र्याएको हो। 'एफटिटिएच' सेवा भित्र्याएसँगै सेवाग्राहीले टेलिफोन लाइन जडानका लागि निवेदन दिने बढ्दै गएको उहाँले बताउनुभयो। "भ्वाइस, डाटा तथा टिभी सस्तो मूल्यमा एउटै फाइबरमार्फत उपलब्ध हुने भएपछि सेवा प्रयोग गर्नका लागि माग गर्ने सेवाग्राही बढ्दै जानुभएको छ" उहाँले भन्नुभयो, "सरकारी


बाँकी अन्तिम पृष्ठमा ▶▶





## पद र प्रतिष्ठाको दम्भले विकास हुँदैन : शिक्षामन्त्री पौडेल

पोखरापत्र संवाददाता
बागलुङ, ८ भदौं

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले पद र प्रतिष्ठाको दम्भ देखाएर विकास गर्न नसकिने भन्दै समन्वयकारी भूमिका बढाउनुपर्ने बताउनुभएको छ।

बुधबार बागलुङ जिल्लाका स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्थाद्वारा आर्थिक वर्ष ०७८/०७९ मा सञ्चालित योजनाको वार्षिक समीक्षा गोष्ठीमा उहाँले पद र प्रतिष्ठाले मात्रै विकास नहुने भएकाले जनप्रतिनिधिहरुले निरन्तर समन्वय गर्न सकेमा मात्रै धेरै विकासका कामहरु गर्नसकिने बताउनुभयो।

मन्त्री पौडेलले समय-समयमा सम्बन्धित मन्त्रालयमा योजना माग गर्नका लागि पुगिरहनुपर्ने उल्लेख गर्दै मन्त्री र मन्त्रालयका कर्मचारीसँग आफ्नो पद प्रतिष्ठाको दम्भ देखाएर मन्त्रालय नपुग्दा चाहेजति योजना र बजेट प्राप्त हुन नसक्ने बताउनुभयो।

समीक्षा गोष्ठीमा जिल्लास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष, सरकारी कार्यालयका प्रमुख र गैरसरकारी संस्थाका प्रमुख प्रतिनिधिको सहभागिता थियो। समीक्षा गोष्ठीको उद्घाटन कार्यक्रममा संविधानसभा सदस्य बलावती शर्मा, प्रदेशसभा सदस्य खिमविक्रम शाही, गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरे, बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारी, प्रमुख जिल्ला अधिकारी रमेश ढकाल र पर्यटन अभियन्ता कृष्ण केसीले विकासका लागि निरन्तर काम गरिरहे पनि सोचेजस्तो सफलता हासिल गर्न नसकेको बताउनुभएको थियो।

## राज्यले कला र संस्कृतिलाई महत्व दिन सकेन : नेत्री कोइराला

रासस
काठमाडौं, ८ भदौं

नेपाली कांग्रेसकी नेत्री सुजाता कोइरालाले राज्यले कला र संस्कृतिलाई महत्व दिन नसकेको गुनासो गर्नुभएको छ।

गिरिजाप्रसाद कोइराला फाउन्डेशन, कला तथा संस्कृति विभागले आज नेपाल कला परिषद् बबरमहलमा आयोजना गरेको 'कला प्रदर्शनी'को उद्घाटन गर्दै उहाँले कला र संस्कृतिको विकासका लागि सरकारले काम गर्न नसकेको गुनासो गर्नुभयो।

"कला, संस्कृतिको विकास भएमात्र देशको विकास हुन्छ", उहाँले भन्नुभयो। नेत्री कोइरालाले जीपी कोइराला फाउन्डेशनले विगत चार वर्षदेखि छुट्टै विभाग स्थापना गरी कला र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै आइरहेको उल्लेख गर्नुभयो। कलाकारभित्र लुकेर रहेको प्रतिभालाई बाहिर ल्याउनका लागि कला प्रदर्शनीले सहयोग पुग्ने उहाँको भनाइ थियो। फाउन्डेशनकी अध्यक्ष कोइरालाले जीपी कोइराला फाउन्डेशनले विगत १२ वर्षदेखि खोज, अनुसन्धान र सामाजिक क्षेत्रमा काम गर्दै आइरहेको स्पष्ट पार्नुभयो। उहाँले पछिल्लो समय मुलुकमा प्रविधिको प्रयोग बढे पनि इतिहासलाई संरक्षण र सम्बर्द्धन गर्नका लागि यस्ता प्रतियोगिताले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। नेपाल सांस्कृतिक सङ्घका अध्यक्ष तीर्थ थापाले राज्य कला र संस्कृतिको सम्मान राज्यले गर्नुपर्ने बताउनुभयो। "जुन देशमा कला र संस्कृतिमा सम्मान र लगानी हुन्छ, त्यो देश सम्पन्न भएको ठहरिन्छ", उहाँले भन्नुभयो। संस्कृति भएन भने देशको पहिचान गुम्ने उहाँको भनाइ थियो। अध्यक्ष थापाले आफ्नो माउ पार्टी कांग्रेस र संसद्मा सांस्कृतिक क्षेत्रको प्रतिनिधित्व हुनुपर्ने बताउनुभयो। ध्याने बुद्ध फाउन्डेशनका अध्यक्ष राजु शाक्य, वरिष्ठ कलाकार गेहेन्द्रमान अमात्यले कला देशको पहिचान गराउने माध्याम भएकाले कलाको विकासमा सबै लाग्नुपर्ने बताउनुभयो।

# नवौं राष्ट्रिय खेलकुदका लागि कास्कीमा खेलाडी छनोट सुरु

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौं

आसन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि कास्कीमा खेलाडी छनोट प्रक्रिया सुरु गरिएको छ।

यही असोजको २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशको राजधानी पोखरामा हुने नवौं संस्करणको खेलकुद प्रतियोगिताका लागि कास्कीबाट खेलाडी छनोट प्रक्रिया सुरु गरेको हो । कास्की जिल्ला खेलकुद विकास समितिले बुधबार ब्याडमिन्टन खेलाडीको छनोट गरेको हो।



कास्की जिल्लाबाट ब्याडमिन्टनका लागि ७ पुरुष र ४ महिला गरी ११ खेलाडीहरु छनोट गरेको छ । पुरुषतर्फ भूगोल गुरुङ , बिधान अधिकारी, विशाल खड्का शशांक अधिकारी, ईशान खड्का, शम्भुकुमार श्रेष्ठ र यासिक्सन गुरुङ छनोट भएका छन्। भूगोल र बिधान ब्याडमिन्टनका राष्ट्रिय खेलाडी हुन्। उनीहरु दुबैले गण्डकी प्रदेशस्तरीय छनोटका लागि वाइल्ड कार्ड पाएको अफिसियल ज्ञानेन्द्र भण्डारीले बताए। कार्कीका अनुसार १० जनाले प्रदेशस्तरीय छनोटका लागि १० जनाले प्रतिस्पर्धा गरेका थिए । त्यस्तै, महिलातर्फ यमकुमारी गुरुङ, आकृति केसी, आयुष्मा नेपाल र शितल केसी छनोट भएका छन । महिलाकी यमकुमारी राष्ट्रिय खेलाडी हुन् । ब्याडमिन्टनको राष्ट्रिय वरीयतामा यमकुमारी ८ औं स्थानमा छिन् । कास्की जिल्ला खेलकुद विकास समितिकी सदस्य मनिषा गुभाजू, कास्की जिल्ला ब्याडमिन्टन संघका उपाध्यक्ष बिशाल खड्का, अफिसियलहरु ज्ञानेन्द्र भण्डारी, बीरबहादुर आले, ईच्छा गुरुङ र रबीचन्द्र होनासहितको समितिले खेलाडी छनोट गरेको हो। राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रत्येक टोलीबाट ब्याडमिन्टनमा पुरुषतर्फ ७ र महिलातर्फ ५ जनाले प्रतिनिधित्व गर्नेछन्। गण्डकी प्रदेश अन्तर्गतका जिल्लाबाट छनोट भएका खेलाडीहरुले यही भदौको १५ देखि १८ गतेसम्म हुने प्रदेशस्तरीय खेलाडी छनोट प्रतियोगितामा प्रतिस्पर्धा गर्ने अफिसियल रबीचन्द्र होनाले बताए। कास्की जिल्ला खेलकुद विकास समितिले प्रदेशस्तरिय जिल्लास्तरिय छनोट प्रक्रियाका लागि कार्यतालिका प्रकाशित गरिसकेको कास्की जिल्ला खेलकुद विकास समिति अध्यक्ष तोरण बानियाले बताएका छन् ।

बुधबार ब्याडमिन्टन र एथ्लेटिक्सका खेलाडी छनोट गर्ने कार्यतालिका भएपनि एथ्लेटिक्सको छनोट भने हुन सकेन । कास्की जिल्ला एथ्लेटिक्स संघका अध्यक्ष हरि बरुवालले प्राविधिक समस्याका कारण निर्धारित मिति आज खेलाडी छनोट हुन नसकेपनि बिहीबार एथ्लेटिक्स खेलाडी छनोट गर्ने जनाए । कास्की जिल्ला खेलकुद विकास समितिले प्रकाशित गरेको जिल्लास्तरिय खेलाडी छनोट कार्यतालिकाअनुसार भोली बिहीबार भदौ ९ गते एथ्लेटिक्स, टेबल टेनिस, क्रिकेट, र तेक्वान्दोको खेलाडी छनोट गर्ने कार्यक्रम छ। त्यस्तै, शुक्रबार, भदौको १० गते कराँते र फुल कन्याक्ट कराँतेको छनोट गर्ने कार्यतालिका छ।

त्यसैगरि, भदौको ११ गते फुटबल खेलाडी छनोट गर्ने कार्यतालिका छ । त्यस्तै, १२ भदौमा भलिबल, कबड्डी, बक्सिङ, रग्बी, आइटीएफ, जुडो र भारोत्तोलनका खेलाडी छनोट गर्ने कार्यतालिका छ। त्यसैगरि, १३ भदौमा बास्केटबलका खेलाडी छनोट गर्ने कार्यक्रम छ। यसैगरि, १४ भदौमा शारिरीक सुगठन, जिम्न्यास्टिक, सेपाकताक्रो र बुद्धिचालका खेलाडी छनोट गर्ने कार्यक्रम छ । जिल्लाबाट छनोट भएका खेलाडीहरुले भदौको १५ देखि १८ गतेसम्म प्रदेशस्तरिय छनोटका लागि प्रतिस्पर्धा गर्ने कार्यतालिका छ। यही भदौको २५ गतेभित्रमा खेलाडी र प्रशिक्षकको नाम दर्ता र असोजको १० सम्ममा खेलगत इभेन्ट, खेल समयतालिका, खेलस्थलको जानकारी गराउने आयोजक राखेपको कार्यक्रम तालिका छ।

# मतदाताले दावी बिरोध गर्ने समय ९ दिन

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ८ भदौं

मंसिर ४ गते हुने संघ र प्रदेशको निर्वाचनका लागि मतदाता नामावलीलाई बैद्यानीकता (दावी विरोध) का लागि निर्वाचन कार्यालयले ९ दिन समय अवधी दिएको छ । निर्वाचन कार्यालय स्याङ्जाले मतदाता नामावलीलाई बैद्यानिकता दिने उदेश्यले मतदाता नभएका ब्यक्ति वा गैर–मतदाता भए दावी बिरोध गर्न सुचित गरेको छ । निर्वाचनमा : सबै, सधै, सगै भन्ने मुल नाराका साथ जिल्ला सदरमुकाम स्याङ्जामा आयोजना गरिएको मतदाता नामावली अद्यावधिक (दावी विरोध) सम्वन्धी सरोकारवाला सगँ अन्तरक्रिया गेरर सुचित गरेको हो।

अन्तिम नामावली तयार गर्न निर्वाचन कार्यालय स्याङ्जाले जिल्लाभर आफ्ना कार्यलाई अगाडी बढाएको जानकारी दिएको छ। निर्वाचन कार्यालयद्धारा बुधवार स्याङ्जा सदरमुकाममा आयोजित सरोकारवालीबीचको अन्तरक्रियामा बोल्दै निर्वाचन अधिकारी गुरुप्रसाद मरासिनीले यही भदौ १२ गतेदेखि १९ गतेसम्म मतदाता नामावली अद्यावधिक गर्न सकिने बताए । झुटा बिवरण भएका, एक भन्दा वढी स्थानमा नामावली भएका, मृत्यु भैसकेका ब्यक्ति लगायत त्रुटी सच्चाउने र एउटै वडाभित्रका अपायक स्थानमा मतदान केन्द्र भएमा पायक पर्ने स्थानमा सार्न सकिनेगरी दावी बिरोध गर्न ९ दिनको समय रहेको मरासिनीले बताए । यसैगरी, नागरिकता त्याग



गरेका र उजुरी परेका मतदातालाई प्रमाण सहित सफाईको मौका समेत मिल्ने उनले सरोकारवालाई जानकारी गराए । दावी बिरोधका लागि जिल्ला निर्वाचन कार्यालयमा जानकारी/उजुरी गर्न र सबै पालिकामा मतदाता नामावली अद्यावधिक गर्न सकिने ब्यवस्था मिलाइएको निर्वाचन कार्यालयले जनाएको छ। कार्यालयका अनुसार स्याङ्जामा २ लाख ४८ हजार ३ सय ३३ मतदाता छन । ती मध्ये पुरुषको संख्या १ लाख २० हजार ९ सय ४१ र महिलाको संख्या १ लाख २७ हजार ३ सय ९१ छ । स्थानीय तह निर्वाचनपछि पुरुषतर्फ ४ हजार २ सय ७५ र महिलातर्फ ३ हजार ५ सय २३ गरी ७ हजार ७ सय ९८ जना मतदाता थप भएका छन् । मतदाता नामावलीमा फोटो खिचाएका र मंसीर ३ गतेसम्म १८ बर्ष पुगेका नागरिकले मतदान गर्न पाउने निर्वाचन कार्यालयले जनाएको छ । अन्तरक्रियामा प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले जिल्लाको अवस्था र समस्याका बारेमा सुझाव दिए । मतदाता अद्यावधिक गर्ने भनेको मतदान पारदर्शि, स्वच्छ प्रतिष्पर्धा र परिणाममुखी बनाउन भुमिका रहने विश्वास प्रजिअ पौडेलले गरे । नेपाली कांग्रेसका सदस्य सोमनाथ लम्साल, नेकपा एमालेका अमृत श्रेष्ठ, राप्रपाका सचिव श्यामकृष्ण श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका अध्यक्ष राजेन्द्र गैह्रे, नेकपा एसका शंकरध्वज कार्की, जय मंगोल अर्गानाइजेशनका सचिव विकास गुरुङ् लगायतले जिज्ञासा र सुझाव ब्यक्त गरेका थिए। अन्तरक्रियामा जिल्ला स्थित राजनीतिक दलहरु, स्थानीय पालिका प्रमुख, उद्योग वाणिज्य संघ, च्याम्बर अफ कमर्श, सुरक्षा प्रमुखहरु, कार्यालय प्रमुख, पत्रकारहरु लगायतको सहभागीता थियो । निर्वाचन कार्यालय स्याङ् जाले निर्वाचनका गतिविधि शुरु गरेसगै अब जिल्लामा चुनावी माहोल बन्न लागेको बताइएको छ।

# नेपाल उद्योग व्यापार महासंघ गण्डकी प्रदेशको अध्यक्षमा पराजुली

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौं

नेपाल उद्योग व्यापार महासंघ गण्डकी प्रदेशको अध्यक्षमा जनकराज पराजुली चयन भएका छन् ।

महासंघको हालै पोखरामा सम्पन्न भएको प्रथम भेला तथा अधिवेशनबाट पराजुलीको अध्यक्षतामा ६१ सदस्य गन्डकी प्रदेश समिती सर्वसम्वत रुपमा चयन भएको हो । उक्त कार्यक्रमको उद्घाटन गर्दै गन्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद वराल जीवनले स्वाधिन तथा आत्मनिर्भर अर्थतन्त्रको विकासमा गण्डकी प्रदेशले जोड दिएको बताए ।

स्वदेशमा उघोग तथा कलकारखाना निर्माण गरिनुपर्ने, स्वदेशि उत्पादन प्रयोगमा जोड दिन उपभोक्तालाई अनुरोध गर्नुका साथै अन्तराष्ट्रिय वजारमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरिय सामान उत्पादनमा गर्न मन्त्री



बरालको जोड थियो ।

कार्यक्रममा उधोग व्यापार माहासंघका फ्याक्सन ईन्चार्ज एवं माओवादि केन्द्रका पोलिटव्युरो सदस्य गंगा कार्की , माहासंघका केन्द्रिय अध्यक्ष श्यामवहादुर पाठक, वरिष्ट उपाध्यक्ष खिमलाल भन्डारी, माहासचिव श्रीवल्लव नेपाल, कोषाध्यक्ष एवं लुम्विनी प्रदेशका अध्यक्ष खेम नारायण पराजुली, उपाध्यक्ष श्याम श्रेष्ठ, सचिव गिता पनेरु लगायतले उधोगी व्यवसायीका हक हितका वारेमा वोलेका थिए ।

यसैबिच, उक्त अधिवेशनले वरिष्ट उपाध्यक्ष अर्जुन चोखाल, उधोग उपाध्यक्ष गणेश लामीछाने,वाणिज्य उपाध्यक्ष मोहन सुवेदी महिला उपाध्यक्ष हेमा कुमारी तराङ (सामना), माहासचिव गोविन्द थापा, कोषाध्यक्ष गोकुल कँडेल, उप माहासचिव विरेन्द्र कुमार श्रेष्ठ , सचिव सडानन्द सापकोटा,मोतिलाल पौडेल, नारायण श्रेष्ठ रहेको पदाधिकारी सहित ६१ सदस्य समिती चयन गरेको छ ।

त्यसै गरी अन्य सदस्यहरुमा सुवर्ण रिजाल-म्याग्दी, ईस्वर खत्री-म्याग्दि, कृष्ण प्रसाद श्रेष्ठ-पर्वत, तिला गिरी-पर्वत, दिपक अधिकारी-पर्वत, शोभाखर तिवारी-पर्वत मनोज थापा-वाग्लुङ, ललिता थापा-वाग्लुङ, स्याङ्जावाट ढाकाराम डोटेल, संघ ताम्रकार -रेवती थापा, थमनदेवी काफ्ले, देवराज लामिछाने रहेका छन । त्यस्तै नवलपुरवाट -सृजना सोती, गोपाल श्रीपाली, ईन्द्र भुषाल, नगेन्द्र सापकोटा, सरला खनाल, विनोद श्रेष्ठ, तनहुँ वाट-सुमन देवकोटा, वावुराम शर्मा, झलक वाहदुर आले, गोर्खा वाट-केशव श्रेष्ठ, दिनेश वावु विस्वकर्मा, वालकृष्ण परियार, लम्जुङ वाट-माधव पराजुली, राजन हरी गौतम, यशोदा न्यौपाने, चिन वाहदुर गुरुङ, सि वी विक,राजन कुमाल, जितु गुरुङ रहेका छन ।

त्यसै गरी कास्कीवाट- तारानाथ ढुङ्गाना, भिम वाहदुर नेपाली, वम वाहदुर कार्की, राजेन्द्र तिमिल्सिना, तुलसी पराजुली, दिपकराज वस्ताकोटी, राजु पान्डे,वालकृष्ण कोईराला,तेजेन्द्र पौडेल, रविन विक, मनोज रसाईली, युवराज खतिवडा,वलराम गौतम, रमेश कोईराला, कल्पना रसाईली, प्रकास तिवारी, परसुराम तिवारी, रामु गौतम,केदार पौडेल रहेका छन् ।

# कास्की जिल्ला स्तरिय टेबुलटेनिसको छनौट प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौं

कास्की जिल्ला टेबुलटेनिस संघले नवौ राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ को पहिलो चरण अन्तरगत कास्की जिल्ला स्तरिय छनौट प्रतियोगिता भाद्र ९ गते विहिबार गर्ने भएको छ।

कास्की जिल्ला खेलकुद विकास समितिले दिएको समय सिमा मंगलबारसम्म कास्की जिल्लाका टेबुलटेनिस प्रतियोगितामा भाग लिन २० पुरुष र १० महिलाले खेलाडी दर्ता गराएका छन् । छनौट प्रतियोगताको लागि आवश्यक सम्पुर्ण व्यवस्थापन तयारी पुरा भएको संघका सचिव कृष्ण बहादुर रानाभाटले वताए ।

उक्त छनौट प्रतियोगिताका विजेताहरुले गण्डकी प्रदेश स्तरिय प्रतियोगितामा भाग लिने छन् । कास्की जिल्लाबाट विभिन्न इभेन्टमा १० जना खेलाडीले प्रदेश स्तरिय खेल खेल्न पाउने संघले जानकारी दिएको छ।

## टेलिकमद्धारा...

कम्पनी, सस्तो भरपर्दो सेवा सुविधाकै कारण 'एफटिटिएच' सेवाप्रति आकर्षण बद्धदै गएको हो ।" तामाको तारमार्फत वितरण गरिएका टेलिफोन लाईन करीब एकहजार छन् ।

तामाको तारमार्फत टेलिकमले उपलब्ध गराएको 'एडिएसएल' सेवाको गति कम भएकैकारण यसअघि केही ग्राहकहरूले सेवा लिन छोडे पनि अहिले फेरि आकर्षण बढेको उहाँले बताउनुभयो ।

'एफटिटिएच' सेवा जडानका लागि कार्यालयले सामान्यदेखि तीव्र गतिको इन्टरनेट सेवा, तीन सय मिनेट निःशुल्क टेलिफोन सेवा, जडानमा एकसय मिटर ड्रप फाइबर निःशुल्क, सिपिई (राउटर) निःशुल्कजस्ता विभिन्न प्याकेज अगाडि सारेको छ । कम्पनीले ग्राहकका लागि तीव्र गतिको इन्टरनेट सेवा, टेलिफोन सेवा र टेलिभिजन सेवा 'ट्रिपल प्ले' सुविधा दिएसँगै थप आकर्षित भएका हुन् ।शाखाले वालिङ नगरपालिकाका विभिन्न बजारसहित दक्षिण स्याङ्जाको चापाकोट नगरपालिका र दक्षिण पर्वतको हातेमालो चोकमा सो सेवा दिँदै आएको शाखाले जनाएको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# जाँदा जाँदै सुविधा थप

प्रदेश सभाको निर्वाचन मिति घोषणापछि मधेस सरकारले आफ्नो सेवा सुविधा बढाएको छ । आर्थिक अवस्था राम्रो नभएको र महंगीको मारमा जनता परेको बेला आफ्नु सुविधा बढाउँदा जनतामा गलत सन्देश गएको छ । दुई महिनापछि कार्यकाल सकिदैछ । समानुपातिक उमेदवारको सूची बुझाएपछि सांसदहरूको कार्यकाल सकिने निर्वाचन आयोगले जानकारी गराइसकेको छाचुनावको मुखमा थप सुविधा लिनु जनताले तिरेको करको दुरुपयोग हो । सुविधा थप्ने र राज्यकोषबाट सकेजति सुविधा लिने कामको अगुवाइ मधेस प्रदेश सरकारले गरेको छासुविधा बढाउने गत २३ साउनको मन्त्रिपरिषद् निर्णयानुसार ५ भदौमा प्रदेश राजपत्रमा नयाँ तलबमान सार्वजनिक गरिएको छ ।

मधेसका मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को अनुसूचीलाई हेरफेर गरेर सेवासुविधामा वृद्धि गरिएको छ । मन्त्रिपरिषद् बैठकको निर्णयानुसार बहालवाला मुख्यमन्त्री, मन्त्री, प्रदेशसभाका पदाधिकारी, सांसद र प्रदेश नीति आयोगका उपाध्यक्ष तथा सदस्यको तलबमा दुई हजार रुपैयाँका दरले वृद्धि गरिएको छ । मुख्यमन्त्री र मन्त्रीका पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५ को अनुसूची (१) को १ मा पारिश्रमिक प्रतिमहिना दुई हजार थप गर्ने र सवारी इन्धनको इकाइ दरमा 'लिटर' शब्दको पछाडि 'प्रतिमोटर' शब्द थप गरी सुविधा उपलब्ध गराउने निर्णय गरिएको हो । मुख्यमन्त्री र मन्त्रीले कति गाडी राख्छन भन्ने पनि आफ्नै हात जगन्नाथ हो ।यो सरासर लुट हो । प्रदेश सरकार र प्रदेश संरचनाको खारेजीको माग गर्नेलाई सघाउने काम हो ।

कानुन न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयले आफ्नो आधिकारिक वेबसाइटमा प्रदेश राजपत्र प्रकाशित गरेको छ । जसअनुसार अब मधेस प्रदेशका मुख्यमन्त्रीले प्रतिमहिना ६२ हजार ९७० रुपैयाँ तलब पाउनेछन् । त्यस्तै, मन्त्रीले ५९ हजार सातसय ८०, राज्यमन्त्रीले ५८ हजार चारसय ९० र सहायक मन्त्रीले ५५ हजार रुपैयाँ तलब पाउने भएका हुन् । मुख्यमन्त्रीलाई विगतमा प्रतिमहिना तीनसय लिटर इन्धन प्रदान गर्दै आएकामा अब प्रतिगाडी तीनसय लिटर इन्धन पाउनेगरी मन्त्रिपरिषद्बाट निर्णय गरिएको छ ।

यसअघि मन्त्रीले प्रतिमहिना दुईसय ५०, राज्यमन्त्रीले दुईसय २५ र सहायक मन्त्रीले २०० लिटर सवारी इन्धन पाउँदै आएका थिए । मन्त्रीले उमेदवार दिएपछि पद नजाने भएपछि सुविधा अर्को सरकार नबन्ने बेला सम्म लिनपाउनेछन । मन्त्रीहरूको संगै प्रदेशसभाका पदाधिकारी र सांसदकोसमेत दुई हजार रुपैयाँ तलब र सेवासुविधा वृद्धि गरिएको छ । प्रदेश सभामुखले अब प्रतिमहिना ६१ हजार, उपसभामुख, विपक्षी दलको नेता, सत्तापक्षका सचेतकले ५९ हजार सातसय ८०, दलको नेता, सत्तापक्षका प्रमुख सचेतक, विपक्षी दलका प्रमुख सचेतक र सभापतिले ५८ हजार चारसय ९०, दलका प्रमुख सचेतक र सचेतकले ५५ हजार र सदस्यले ५४ हजार छसय रुपैयाँ तलब पाउनेछन् ।

प्रदेश नीति आयोगका उपाध्यक्षले ५६ हजार चारसय ९० र सदस्यले ५३ हजार रुपैयाँ तलब पाउँदै आएकामा अब उनीहरूको तलब क्रमशः प्रदेश राज्यमन्त्री तथा प्रदेश सहायकमन्त्रीसरह प्रदान गरिनेछ । सुविधा थप्नु कामको अगुवाइ मधेस प्रदेशले गरेपनि सुविधा लिन सबैको सहमति जुट्ने गरेको छ । जनताले विरोध नगरेसम्म मनपरि सुविधा लिने काम रोकिदैन ।

# साइनिङस्टारमा विद्यार्थीको स्वागत एवं बिदाइ




पोखरापत्र संवाददाता
पोखरा, ८ भदौ

पोखराको पर्यटन क्षेत्रलाई दक्ष जनशक्तिको खाँचो रहेको एक कार्यक्रमका वक्ताहरुले औल्याएका छन् । दक्ष युवाशक्ति विदेश पलायन हुने समस्याले अब यहाँको पर्यटन क्षेत्रमा नयाँ र दक्ष जनशक्ति चाहिनेमा उनीहरुले जोड दिए ।

पोखराको लेकसाइडस्थित साइनिङ स्टार बोर्डिङ स्कुलमा विद्यार्थीहरुको स्वागत एवं विदाई कार्यक्रममा बोल्दै वक्ताहरुले यस्तो बताएका हुन् । कार्यक्रममा बोल्दै रेवान पोखराका निवर्तमान अध्यक्ष लक्ष्मण बरालले पोखरामा क्षेत्रिय अर्न्तराष्ट्रिय विमानस्थल सञ्चालनको निकटमा रहेको जनाउँदै त्यसपछि पर्यटक आगमनमा बृद्धि हुने अपेक्षा प्रकट गरे । यस्तोमा यहाँ भइरहेका जनशक्तिले मात्रै नपुग्ने उनको भनाई थियो । त्यस्तै युवा पर्यटन व्यवसायी बर पिपल रिसोर्टका सञ्चालक जितु गुरुङले अब स्कुल कलेजहरुले पर्यटन मैत्री शिक्षामा जोड दिनुपर्ने औल्याए । आगामी पिढीहरुलाई सम्भावना नेपालमै रहेको बताउँदै पर्यटन क्षेत्रलाई दक्ष जनशक्ति अबका दिनमा ठूलै चुनौती हुनसक्ने बताए । पोखरा विश्वविद्यालयका उप-प्रध्यापक युवराज त्रिपाठीले विद्यार्थीहरुलाई किताबी ज्ञानसँगै व्यवहारिक शिक्षा पनि महत्वपूर्ण हुने बताए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य फत्तबहादुर थापा, सल्लाहकार विष्णुहरी अधिकारी, तालबाराही मावि प्लस टु का संयोजक यदु पोखरेल, गण्डकी डा.सन्तोष कोइराला, एकेडमी अफ कफि एक्सीलेन्सका रिजनल म्यानेजर विनोद आचार्य, विद्यार्थीहरु प्रविणा पौडेल, सन्दिप नेवार, सेविका राई लगायतले आ-आफ्नों भनाई राखेका थिए । कार्यक्रममा कक्षा ११ मा भर्ना भई आएका नयाँ विद्यार्थीको स्वागत तथा १२ को परीक्षा दिएका विद्यार्थीहरुलाई शुभ-कामना सहित विदाई गरिएको हो । विद्यालय प्राचार्य अर्जुन पाण्डेले विद्यालयले शैक्षिक गतिविधीसँगै खेलकुद, मनोरन्जनात्मक कार्यक्रम तथा अन्य अतिरिक्त कार्यक्रमलाई विद्यालयले महत्व दिएको बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बविता भण्डारीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# श्रीकान्त रेग्मी स्मृतिग्रन्थ लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौ

लायन्स अन्तराष्ट्रिय डिष्ट्रिक्ट ३२५ आई नेपालले बाढी पहिरो पिडित पोखरा-२५, हेम्जा सुन्दरवस्तिमा राहत वितरण गरेको छ । गत असार १० गते राति ९ बजेतिर निरन्तर बर्षाको कारण घर माथीबाट आएको बाढी पहिरोको कारण घरबारविहिन हुन पुगेका सुन्दर वस्तिका १२ घरपरिवारलाई बुधवार घरायसी अत्यावश्यक सामग्री उपलब्ध गराएको हो ।

एक परिवारका लागि तत्कालको आवश्यकता भाँडाकुँडा देखि खाद्यान्न सहितका सामग्रीमा चामल, नुन, तेल, चिनी, चियापत्ती, प्रेसर कुकर, थाल, कचौरा, डाडु, पनियो, ब्लाङकेट, म्याट्रेस लगायतका दैनिक उपभोग्य बस्तु उपलब्ध गराईएको डिष्ट्रिक्ट ३२५ आई नेपालका डिष्ट्रिक्ट गभर्नर रामबहादुर बसेलले जानकारी दिए ।

राहत सामग्री वितरण गर्दै डिष्ट्रिक्ट गभर्नर राम बसेलले जहाँ आवश्यकता त्यहाँ लायन्स



भन्ने उदगार साथ लायन्सले बाढी, पहिरो, भूकम्प, औँधिहुरी जस्ता अन्य प्राकृतिक प्रकोप एवं विपद् आदिको व्यवस्थापन गर्दै र पीडितहरूलाई राहत र उद्धारको काम गर्दै आएको बताए । बस्ती माथिबाट खसेको पहिरोबाट ३ घर पूर्ण रूपमा पुरिएको र १२ घर परिवार बिस्थापित भएको पोखरा महानगरपालिका वडा नं २५ का वडाध्यक्ष मोतीलाल तिमिल्सिनाले बताए । आफ्नो आग्रहलाई सहर्ष स्वीकार गरी बाढी पहिरो प्रभावितलाई राहत सामग्री उपलब्ध गराएकोमा डिष्ट्रिक्ट गभर्नर एवं समग्र डिष्ट्रिक्ट ३२५ आई नेपाल परिवारप्रति वडाध्यक्ष तिमिल्सिनाले आभार एवं धन्यवाद ब्यक्त गरेका थिए । राहत वितरणमा डिष्ट्रिक्ट ३२५ आई नेपालका प्रथम भाईस डिष्ट्रिक्ट गभर्नर चन्द्रकुमार केसी, द्वितिय भाईस डिष्ट्रिक्ट गभर्नर बिनोद ढुङगाना लगाएत डिष्ट्रिक्टका सिनियर लायन्स लिडरहरूको उपस्थिति रहेको थियो ।

# पढाइले प्रौढ महिलाको आत्मविश्वास बढायो

पोखरापत्र संवाददाता
म्याग्दी, ८ भदौ

अङ्क र अक्षर लेख्न, पढ्न तथा चिन्न नसकेका कारण धेरै ठक्कर पाएकी म्याग्दीको बेनी नगरपालिका-७ मङ्गलाघाटकी सङ्गीता छिनालको अहिले आत्मविश्वास बढेको छ । उज्यालो वैकल्पिक विद्यालयको कक्षा १० मा पढ्ने छिनालले शिक्षा हासिल गरेपछि सहरका चोकमा गएर ठाउँ नचिन्दा अलमलिनुपर्ने, मोवाइल चलाउन अरुको सहायता लिनुपर्नेलगायत समस्या हटेको छ ।

"विहे गर्दा कक्षा १ सम्म मात्र पढेकी थिए, लेख्न केही पनि जानेकी थिइन । कहिँकतै जाँदा अरुलाई सोध्नुपर्दथ्यो । निकै समस्या हुन्थ्यो," उहाँले भन्नुभयो, "अहिले अंग्रेजीबाट नाम लेख्ने र लेखेको कुरा पढ्न सक्ने भएकी छु। अरुले बोलेको बुझ्न सक्छु। पहिलाभन्दा धेरै सजिलो भएको छ।"

छिनाल जस्तै विद्यालय जाने उमेरमा पढ्न नपाएका र बिचैमा पढाइ छाडेकाको लागि बेनीको उज्यालो वैकल्पिक विद्यालय एसइई तहसम्मको शिक्षा हासिल गर्ने थलो बनेको छ । आठ वर्षअघि स्थापना भएको विद्यालयमा हालसम्म १०० जनाभन्दा बढीले अध्ययन गरिसकेका छन् । नौ जनाले पछिल्लो दुई वर्षमा एसइई उत्तिर्ण गरेका छन् । हाल विभिन्न कक्षामा ४० महिला अध्ययनरत छन् । भर्ना भएका केहीले लेखपढ गर्न जानेपछि पढाइलाई निरन्तरता दिएनन् । घरायसी काम सकेर झोलाभरी कापी किताब बोकेर बिहान ११ बजे विद्यालय आउने आमाहरू दिउँसो ३ बजे घर फर्कन्छन् । "खेती किसानी, घरको व्यवहार, घाँस, दाउरा गर्ने चलन थियो । घरको भएर पनि पढ्न पाइएन," हाल कक्षा १० मा पढ्दै गर्नुभएकी ५० वर्षीया डिलकुमारी पुनले भन्नुभयो, "बालबच्चाले पढाइ सिध्याए । मलाई बल्ल अहिले फुर्सद मिल्यो । उमेर ढल्कीएकाले गाह्रो भएपनि पाएको अवसरको सदुपयोग गरेर एसइई उत्तिर्ण गर्ने लक्ष्य राखेकी छु।" भर्ना हुन आउने विद्यार्थीको क्षमता पहिचान गरी कक्षामा राख्ने र पढाउने गरिएको छ । तत्कालीन शिक्षा कार्यालयमार्फत बेनी सामुदायिक माविलाई मातृ विद्यालय मानेर स्थापना भइ समुदाय स्तरबाट विद्यालय सञ्चालन गरिएको हो । सात शिक्षकको तलबभत्ता बेनी नगरपालिकाले उपलब्ध गराउने गरेको छ । विद्यालय सञ्चालनमा स्थानीयवासी, विभिन्न सङ्घ संस्था र प्रवासीले सहयोग गरेको व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष राजेश शाक्यले बताउनुभयो । "१६ वर्षभन्दा बढी उमेरका बिचैमा पढाइ छाडेकाका लागि स्थानीय युवाको अग्रसरतामा विद्यालय सञ्चालन गरेका हौं," उहाँले भन्नुभयो, "बेनी सामुदायिक माविलाई मातृ विद्यालय बनाएका छौं । विज्ञान र कम्प्युटर ल्याब स्थापना गर्न सामाजिक विकास मन्त्रालयले सहयोग गरेको छ ।"सामाजिक विकास कार्यालयको भवनमा सञ्चालन भएको विद्यालयमा आफ्नै पूर्वाधार, दिगो आर्थिक स्रोतको अभाव तथा शिक्षकलाई तालिमको आवश्यकता देखिन्छ । सुरुआती चरणमा बेनी पुस्तकालयको भवनमा कोठा भाडामा लिएर कक्षा सञ्चालन गरिएको विद्यालय तीन वर्षअघि तत्कालीन महिला तथा बालबालिका कार्यालयको खाली भवनमा सारिएको हो ।

# तिजको दर खाएका एकसयभन्दा बढी बिरामी

पोखरापत्र संवाददाता
गोरखा, ८ भदौ

गोरखामा तिजको दर खाएका एउटै गाउँका एक सयभन्दा बढी व्यक्ति बिरामी परेका छन् । गोरखा नगरपालिका-७ मान्द्रेढुङ्गाका महिला तथा पुरुष तिजको भोज खाएपछि बिरामी परेका हुन् ।

वडाध्यक्ष विष्णु श्रेष्ठका अनुसार भोज खाएका अधिकांश बिरामी परेका छन् । "कृष्ण जन्माष्टमीका दिन स्थानीय महिला तथा पुरुष मिलेर तिजको दर खाएका थिए । सोही साँझदेखि नै भोज खाएका सबै बिरामी परेका हुन्", उहाँले भन्नुभयो, "बिरामी परेको थाहा पाएपछि स्वास्थ्यकर्मी लगेर उपचार सुरु गरिएको छ ।" स्वास्थ्यकर्मीको टोलीले ४० जनाभन्दा बढीको स्वास्थ्य जाँच गराएको श्रेष्ठले बताउनुभयो । बिरामीको घरघरमा स्वास्थ्यकर्मीको टोली पठाएर आवश्यक औषधोपचार गरिएको उहाँले बताउनुभयो ।बिरामी परेकाहरू अहिले विस्तारै निको हुँदै गएका छन् । केहीलाई अझै घरमै स्लाइनपानीदिएर राखिएको अहेव भूमिका श्रेष्ठले जानकारी दिनुभयो । बिरामीमा शनिबार साँझदेखि नै पेट दुख्ने, वान्ता हुने, जरो आउने र पखाला लाग्ने समस्या देखिएको उहाँले बताउनुभयो । बिरामीमध्ये अधिकांशको गोरखा सदरमुकामका निजी क्लिनिकमा उपचार भइरहेको छ । "केही आफैँ गोरखा अस्पताल पुगेर उपचार गराइरहेका छन्", उहाँले भन्नुभयो ।

# पाँच जिल्लाको एउटै कार्यालय, कर्मचारी अभावले काम गर्न सकस

पोखरापत्र संवाददाता
पर्वत, ८ भदौ

सङ्घीयतापश्चात स्थापना भएका कार्यालयमा न कर्मचारी पर्याप्त छन् न बजेट । एउटै कार्यालयमाथि पाँच जिल्ला हेर्ने दायित्व छ ।

पर्वतमा पाँच जिल्ला हेर्ने भू-तथा जलाधार व्यवस्थापन कार्यालय न्यून बजेट र सीमित कर्मचारीका भरमा चलिरहेको छ । पाँच जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले फिल्डमा पुगेर काम गर्न कठिनाइ भोग्दै आएको छ ।

कार्यालयमा कर्मचारी कम र कार्यक्षेत्र ठूलो रहेको सूचना अधिकारी भीमप्रसाद अर्यालले बताउनुभयो । कार्यालयले सबै जिल्लामा काम गरे पनि चाहेअनुसारको जलाधारीय स्रोत संरक्षण, व्यवस्थापन र विकासका कार्य गर्न सकिरहेको छैन।समयमा टाढाका कार्यक्षेत्रमा पुग्न नसकेका कारण उपभोक्ता व्यवस्थापनमा ढिलाइ भएको अर्यालले बताउनुभयो । यस कार्यालयको जिम्मेवारीमा पर्वतसहित मुस्ताङ, म्याग्दी, बागलुङ, र स्याङ्जा पर्छन् । पहिलो वर्ष जनशक्ति र बजेट पर्याप्त थियो । समय घर्किँदै गयो । कर्मचारी र बजेट पनि कटौती हुँदै जान थाल्यो ।

कार्यालयका अनुसार एक उपसचिवसहित १७ कर्मचारीको दरबन्दी कायम गरिए पनि हाल ११ मात्रै कार्यरत छन् । वरिष्ठ जलाधार अधिकृत दिवाकर पौडेलका अनुसार हाल कार्यालयमा एक-एक पशु तथा बाली अधिकृत, वन अधिकृत (सार्तौं तह), रेन्जर, सबइन्जीनियर र हलुका सवारी चालकको दरबन्दी रिक्त छ । पर्वतस्थित जलाधार कार्यालयले ती जिल्लाभित्र कुवापोखरी, विद्युतीय आयोजना, स्थानीयसँगको समन्वय, आकस्मिक पहिरो, नदी-किनार, सडकसँग भू-संरक्षणलगायतमा काम गर्नुपर्ने जिम्मेवारी छ । विनियोजित बजेटले प्राकृतिक विपद्मा परेका बस्तीमा दुई-चार थान जाली वितरण गर्नसमेत बजेट नपुग्ने कर्मचारी बताउँछन्। कार्यालयका अनुसार पहिलो वर्ष रु २२ करोड बजेट विनियोजन गरेको प्रदेशले दोस्रो वर्ष रु १२ करोडमात्रै बजेट छुट्याएको थियो ।अघिल्लो वर्ष रु सात करोड बजेट विनियोजन भएको थियो। यस वर्ष रु सात करोडमात्रै विनियोजन गरिएको छ।बजेटसँगै खुम्चिएको जनशक्तिका कारण पनि कार्यालयलाई काम गर्न समस्या परेको पौडेलले बताउनुभयो । पर्वतको भू-तथा जलाधार कार्यालयको जस्तो समस्या बागलुङमा रहेका कार्यालयमा पनि छ ।

बागलुङ र पर्वत हेर्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा एक प्रमुख, दुई इन्जीनियर र अन्य केही प्राविधिकमात्रै छन् । वर्षमा एक सय बढी योजना हेर्नुपर्ने र भौगोलिकरूपमा पनि टाढा हुँदा प्राविधिक हैरानीमा पर्छन् ।

बागलुङमै रहेको सडक डिभिजन, सिँचाइ डिभिजन, भेटेरनरी अस्पताल, आयुर्वेदिक औषधालयलगायत कार्यालयले पनि दुईदेखि चार जिल्ला हेर्नुपर्छ । काम प्रभावकारी नभएको कर्मचारीबाटै गुनासो आउने गरेको छ ।

# पौडी खेल्न क्रममा बेपत्ता शिक्षक मृत फेला

पोखरापत्र संवाददाता
लमजुङ, ८ भदौ

मध्यनेपाल नगरपालिकास्थित माडी नदीमा मङ्गलबार दिउँसो पौडी खेल्ने क्रममा बेपत्ता शिक्षक मृत फेला परेका छन् ।

पोखरा महानरपालिका-३२ घर भई मध्यनेपाल बहरेको मालिका आधारभूत विद्यालयमा शिक्षण पेसा गर्दै आउनुभएका ४५ वर्षीय बाबुराम अधिकारी आज बिहान तनहुँको व्यास नगरपालिका-१० बैरेनीस्थित धारापानीमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक जगदीश रेग्मीले बताउनुभयो । उक्त शवको तनहुँ प्रहरीले मुचुल्का उठाउने र दमौली अस्पतालमै शव परीक्षण गरी आफन्तलाई बुझाइने प्रहरी निरीक्षक रेग्मीको भनाइ छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ‘माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय तेक्वान्दो’मा एक हजार खेलाडीले गरे दर्ता, दर्ताको क्रम जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ भदौ**




पोखरामा आयोजना हुने ‘तेस्रो माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला तेक्वान्दो च्याम्पियनसिप २०२२’ जि-२ र्‍याकिङ तथा ‘प्रथम जिसिएस माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला पुम्से च्याम्पियनसिप-२०२२’ तर्फ गरी १ हजार भन्दा बढि खेलाडीले आफ्नो नामा दर्ता गराएको आयोजकले जनाएको छ।

काठमाडौंमा मंगलबार एक पत्रकार सम्मेलन गरी प्रतियोगिताको तयारी बारे आयोजकले जानकारी दिएको हो। आगामी असोज ६ देखि ९ गतेसम्म हुने ग्योरोगीतर्फ ८ सय ११ र पुम्सेतर्फ २ सय भन्दा बढी आफ्नो नाम दर्ता गराएको गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन बहादुर गुरुङले बताएका हुन्। दक्षिण एशियामा नै पहिलो पटक उक्त प्रतियोगिता नेपालमा आयोजना गर्न पाउनु गौरवको विषय रहेको बताउँदै उनले ग्योरोगी र्‍याकिङ र पुम्से प्रतियोगिताका लागि विभिन्न एक दर्जन बढि राष्ट्का खेलाडीहरुले आफ्नो नाम दर्ता गराइसकेको जानकारी दिए। पोखरामा र काठमाण्डौमा प्रतियोगिताको तयारी बारे भइरहेको प्रगती बारे पत्रकारहरुलाई जानकारी दिँदै मुल आयोजक समितिका सचिव समेत रहेका गुरुङले भने-“हामीले १ हजार ५ सय खेलाडी पोखरा आउने अपेक्षा गरेका छौं जसबाट कोभिड १९ का कारण समस्यामा रहेको पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न सहयोग पुग्ने छ।” पहिलो चरणको दर्ता प्रक्रिया यहि भदौ ९ गते सम्म जारी रहने तथा दोस्रो चरणको दर्ता भदौ १० बाट सुरु हुने उनले बताए। उक्त प्रतियोगितामा विश्वभरीका खेलाडीहरू, निर्णायक तथा प्रशिक्षकहरु, सहभागी खेलाडीका परिवारका सदस्यहरू र तेक्वान्दो महासंघका विशिष्ट पदाधिकारीहरूसहित २ हजार भन्दा बढीको सहभागीता हुने जनाइएको छ भने विश्वस्तरीय मेगा तेक्वान्दो प्रतियोगिता अवलोकन गर्न ५ हजार भन्दा बढी तेक्वान्दो प्रेमीहरु पोखरा आउने अपेक्षा गरिएको छ। यस अघि दुई पटक सफलता पूर्वक काठमाण्डौमा सम्पन्न भइसकेको उक्तप्रतियोगिता विश्व महामारीका रुपमा फैलिएको कोभिड १९ का कारण दुई वर्ष स्थगित हुन पुगेको थियो। पोखरा रंगशालास्थित बहुउद्वेशिय कभर्डहलमा आयोजना हुने प्रतियोगितामा सिनियर र जुनियरतर्फको (१४ वर्ष देखि ६० वर्ष भन्दा मार्थी) क्योरोगीतर्फ महिला र पुरुष गरी विभिन्न ८ वटा तौल समुहमा गरी कुल १६ वटा तौलमा तथा पुम्सेतर्फ समेत १४ देखि ६० वर्ष भन्दा माथी एकल, जोडी र समुहमा प्रतिष्पर्धा हुने आयोजक समितिका सदस्य एवम ओलम्पियन दिपक विष्टले जानकारी दिए। विश्व तेक्वान्दो महासंघले नेपालमा तेक्वान्दो खेलको विकासका साथै नेपाल र पोखराको खेल पर्यटन प्रवर्द्धन गर्न प्रतियोगिता स्विकृती प्रदान गरेको र उक्त मेगा तेक्वान्दो प्रतियोगिता सम्पन्न गर्न करिव रु २ करोड ५५ लाख खर्च हुने आयोजक समितिका सदस्य तथा गण्डकी प्रदेश तेक्वान्दो संघका महासचिव रमेश पौडेलले जानकारी गराएका थिए। पत्रकार सम्मेलन नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाश सम्शेर राणको अध्यक्षतामा सम्पन्न भएको थियो।

# सराङ्कोटको तिज विशेष तथा समिक्षा कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ भदौ**



तिज पर्व २०७९ को अवसरमा सराङ्कोट बहुउद्देश्यीय सहकारी तथा रेडियो सराङ्कोट द्धारा तिज विशेष तथा वार्षिक समिक्षा कार्यक्रम गरेको छ।

तिज पर्वलाई महिलाको मुख्य पर्वको रुपमा लिई क्षमता अभिवृद्धि गराई शुभकामना दिने उद्देश्यले पोखरामा कार्यरत महिला पत्रकार संस्थाका महिला सदस्यहरु बिच मैत्री पुर्ण विविध सम्मान कार्यक्रम गरिएको थियो। सो कार्यक्रमको शुभारम्भ गर्दै गण्डकी प्रदेशका उपसभामुख सृजना शर्माले नेपालको संविधान, कानुनमा सम्पूर्ण रुपमा महिला अधिकारको पूर्ण व्यवस्था रहेतापनी राजनितीक इच्छा अनुसार व्याख्या भएकोमा आम महिला सचेत रहनुपर्ने बताइन्। कार्यक्रममा कास्कीमा क्रियाशिल महिला पत्रकारहरु सरिता तिमिल्सीना, जमुना शर्मा, कविता श्रेष्ट र कञ्चन थापालाई सम्मान गरिएको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिमिल्सीना, महासंघ कास्कीका उपाध्यक्ष जमुना शमाले नेतृत्व क्षमता विकासमा महिला सञ्चार कार्मी लाग्नु पर्ने बताइन्।

संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाले संस्थाले स्थापना देखी महिलाको सहभागिता सकृय उत्साजनक रहदै आएको बताए। संस्थाको हाल शेयर पुँजी ५ करोड ४७ लाख, जगेडा कोष ५१ लाख, बचत ५० करोड १० लाख, संस्थाको कुल सम्पत्ती ६७ करोड, ऋण लगानी ५४ करोड, कुल सदस्य ५६१ जना रहेको छ। संस्थाले स्थापना देखी रेडियो सराङ्कोटको सञ्चालन तथा बचत ऋण कारोबार तथा सामाजिक कार्यहरु गर्दै आएको छ। कार्यक्रममा पूर्व अध्यक्ष प्रेम बहादुर जि.सी, सल्लाहाकारहरु अर्जुन बहादुर बस्नेत, सोभियत बहादुर अधिकारी, इन्द्रकमल मानन्धर, दुर्गा बहादुर सुनार, लेखा संयोजक शिव बहादुर बानियाँ, उपाध्यक्ष बसन्त बहादुर बानियाँ, सचिव कुल प्रसाद सुवेदी, कोषाध्क्ष राममणी पौडेल, व्यवस्थापक सुरेन्द्र थापा, ऋण संयोजक, रमेश कुमार थापा, महिला संयोजक माया कुमारी शर्मा, शिक्षा संयोजक जयराम पौडेल, रेडियोका व्यवस्थापक योगन्द्र श्रेष्ट लगाएतले संस्थागत प्रतिवेदन राखेको थिए।

# दूध, मासु र अण्डाको उत्पादन मागभन्दा बढी

**पोखरापत्र संवाददाता**
**दमौली, ८ भदौ**

पशुपालन गर्ने कृषकको सङ्ख्या बढेसँगै तनहुँमा दूध, मासु र अण्डाको उत्पादन मागभन्दा बढी भएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले कृषकलाई अनुदान दिने कार्यक्रम ल्याएपछि पशुपालन गर्ने किसानको सङ्ख्या बढेको हो।

आर्थिक वर्ष ०७७/७८ भन्दा ०७८/७९ मा दूध, अण्डा, मासु र माछाको उत्पादन वृद्धि भएको केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो। डा श्रेष्ठका अनुसार जिल्लामा मागभन्दा बढी मात्रामा दूध, मासु र अण्डाको उत्पादन भइरहेको छ। यसले तनहुँ दूध, मासु र अण्डामा आत्मनिर्भर बन्न सफल भएको उहाँले बताउनुभयो। “तनहुँ जिल्लाका लागि जति माग हो, त्योभन्दा बढी उत्पादन भएकाले तनहुँ आत्मनिर्भर बन्न सफल भएको हो”, उहाँले भन्नुभयो।

आर्थिक वर्ष ०७८/७९ मा दूध ३८ हजार आठ सय ३८ र मासु चार हजार सात सय ४३ मेट्रिक टन उत्पादन भएको छ। त्यस्तै अण्डा दुई करोड ७० लाख ६० हजार गोटा उत्पादन भएको छ। दूधको २९ हजार सात सय ८२ र मासुको चार हजार पाँच सय ८१ मेट्रिक टन तथा अण्डाको एक करोड ७३ लाख ४५ हजार गोटा माग छ। दूध नौ हजार ५६ र मासु एक सय ६२ मेट्रिक टन बढी उत्पादन भएको छ भने अण्डा ९७ लाख १५ हजार बढी उत्पादन भइरहेको छ। प्रतिव्यक्ति प्रतिवर्ष दूध ८४.९४ लिटर आवश्यक पर्ने भएकामा जिल्लामा ११८.५४ लिटर, मासु १७.८३ केजी आवश्यक पर्नेमा जिल्लामा १४.४१ केजी, अण्डा ५१.१८ गोटा आवश्यक पर्नेमा ८२.५९ गोटा उपलब्ध भइरहेको छ। आर्थिक वर्ष ०७७/७८ मा दूध ३७ हजार नौ सय २८, मासु चार हजार पाँच सय ७६ मेट्रिक टन उत्पादन भएको थियो भने अण्डा दुई करोड ५९ लाख ९५ हजार गोटा उत्पादन भएको कार्यालयले जनाएको छ।

जिल्लामा पशुपन्छीको सङ्ख्यामा वृद्धि भएको छ। आर्थिक वर्ष ०७८/७९ को तथ्याङ्क अनुसार गाईको सङ्ख्या ५२ हजार आठ सय तीन, भैसीको सङ्ख्या ५७ हजार पाँच सय ४४, भेडाको सङ्ख्या सात सय २६, बाख्राको सङ्ख्या ३९ हजार चार सय ३४, कुखुराको सङ्ख्या एक लाख ९५, हाँसको सङ्ख्या १२ हजार छ सय ९४, बङ्गुरको सङ्ख्या ४८ हजार तीन सय ११ छ। आव ०७८/७८ मा गाईको सङ्ख्या ५१ हजार सात सय १७, भैंसीको सङ्ख्या ५६ हजार चार सय ७२, भेडाको सङ्ख्या सात सय १४, बाख्राको सङ्ख्या ३८ हजार सात सय ३७, कुखुराको सङ्ख्या ९८ हजार तीन सय ९५, हाँसको सङ्ख्या १२ हजार एक सय ८३ र बङ्गुरको सङ्ख्या ४७ हजार दुई सय ७२ थियो।

जिल्लामा व्यावसायिक पशुपन्छी फर्म दर्ता बढेको छ। आव ०७८/७९ मा ९२ पशुपन्छी फार्म बढेको डा श्रेष्ठले जानकारी दिनुभयो। यसअघि जिल्लामा एक हजार ११ व्यावसायिक पशुपन्छी फार्म थिए। यहाँ दुई सय १९ गाई, ८६ भैंसी, तीन सय ४१ बाख्रा, एक सय १३ बङ्गुर, दुई सय ५५ कुखुरा, ५४ माछा र ३५ घाँस, पशुपन्छी फार्म सञ्चालनमा छन्।

# थप चार सय ८७ मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, ८ भदौ**

देशभर पछिल्लो २४ घण्टामा थप चार सय ८७ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ भने एक जनाको मृत्यु भएको छ।

सो अवधिमा चार हजार एक सय ७७ को नमूना परीक्षण गरिएको थियो। एक हजार आठ सय छ जनाले पिसिआर र दुई हजार तीन सय ७१ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। सो अवधिमा ३९ हजार चार सय ४८ जनाले कोभिडविरुद्धको खोप लगाएका छन् भने एक सय ६४ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन्।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या चार हजार दुई सय ९८ रहेको छ। बुधबार एक सय ६४ सङ्क्रमण मुक्त भएको मन्त्रालयले जनाएको छ। काठमाडौं उपत्यकामा आज ललितपुरमा २४, भक्तपुरमा ११ र काठमाडौंमा एक सय १७ गरी एक सय ५२ जनामा सङ्क्रमण पुष्टि भएको छ।

बुधबार होम आइसोलेशनमा चार हजार एक सय २३ जना, संस्थागत आइसोलेशन एक सय ७५, आइसियु ५० र भेन्टिलेटरमा दुई जना सङ्क्रमित रहेका छन्।

# बीस वर्षमुनिको राष्ट्रिय फुटबल टोलीको घोषणा

**रासस**
**काठमाडौं, ८ भदौ**

बीस वर्षमुनिका राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक मेघराज केसीले बहराइनमा हुने यू-२० एसियन कप छनोटका लागि आज प्रारम्भिक चरणमा २५ सदस्यीय टोलीको घोषणा गरेको छ।

यही भदौ २५ देखि असोज २ गतेसम्म हुने प्रतियोगिताका लागि प्रशिक्षक केसीले २५ सदस्यीय टोलीको घोषणा गर्नुभएको छ। छनोटमा नेपालसहित कतार, बहराइन, बङ्गलादेश र भुटान रहेका छन्। छनोट हुने नेपाली टोलीको गोल-किपरमा ईश्वर गुरुङ, उनेश चौधरी, जियारत शेख र टोपबहादुर राना छन्। त्यस्तै डिफेन्डरमा अमर श्रेष्ठ, अजय चौधरी, सुमित श्रेष्ठ, सृजन धानी, अभिषेक वाइवा, जान ताम्ली, शेखर खवास, श्यानु भुसाल र राज ठोकर छन्। टोलीको मिडफिल्डरमा दीपेश गुरुङ, आशिष राई, सन्दीप कार्की, जन्मजय धामी, कृतिशरन्त छन्छु, सुगम सुवाल, मनाङ नकर्मी, आयुष घलान, राकेश विश्वकर्मा र सञ्जीव लामा छन्। फरवार्डमा निरञ्जन मल्ल र रोहन खड्गी छन्।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् भुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक समवेदना



जन्म: वि. स. १९९५/०९/२२ गते
स्वर्गारोहण : वि. स. २०७९/०४/२८ गते

स्व: शशिधर आचार्य

पोखरा महानगरपालिका वडा नं. १३ बाँझपाटन मिलन मार्ग टोल विकास संस्थाका सक्रिय सदस्य छोरा बसन्तराज आचार्य, बुहारी दुर्गादेवि आचार्य, छोरी कविता (कालिका) बाँस्तोलाका बुबा, ससुरा बुबा **शशिधर आचार्य** सदा मिठो बोल्ने अत्यन्त सरल नम्र स्वभाव भएका व्यक्तिको ८० वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणबाट हामी सम्पूर्ण टोलवासीहरु अत्यान्तै मर्माहत र स्तब्ध भएका छौं। यस दुखद घडीमा दिवंगत आत्माले चिरशान्ति पाओस, बैकुण्ठ लोक प्राप्त गरोस भनी ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति प्राप्त होस भनी कामनासाथ हार्दिक समवेदना व्यक्त गर्दछौं।

सम्झना कार्की
अध्यक्ष तथा
बाझापाटन मिलन मार्ग महिला समूह

रामराज सिग्देल
अध्यक्ष तथा
बाझापाटन मिलन मार्ग टोल विकास समिति

पोखरा महानगरपालिका -१३, बाँझपाटन